# छिपहरमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

भिस्वा, पर्सा।
प्रदेश नम्बर २, (नेपाल)

## सुपरीवेक्षक र गणक आवश्यकता सम्बन्धि सूचना
### (पहिलो पटक सुचना प्रकाशित मिति : २०७७।०९।२५)

उपरोक्त सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयको प.सं २०७७।७८, च.नं. ४०, मिति २०७७।०८।१४ गतेको पत्रानुसार यस छिपहरमाई गाउँपालिका भित्र आ.व. २०७७।७८ मा संचालन हुने गरीब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमका निम्ति तपसिलको पदमा करार सेवामा कर्मचारी नियुक्ति गर्नुपर्ने भएको हुँदा तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५(पन्ध्र) दिन भित्र तल उल्लेखित कागजात र राजश्व बुझाएको रसिद संलग्न राखी यस कार्यालयमा दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | १४।२०७७।०७८ | सुपरीवेक्षक | सहायक स्तर पाँचौं | १ (एक) |
| २ | १५।२०७७।०७८ | गणक | सहायक स्तर चौथो | ४ (चार) |

**(१) आवश्यक न्यूनतम योग्यता :**

(क) सुपरीवेक्षकको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तिर्ण गरेको र कम्प्युटर सम्बन्धि आधारभूत तालिम प्राप्त भएको।

(ख) गणकका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको र कम्प्युटर सम्बन्धि आधारभूत तालिम प्राप्त भएको।

(ग) उमेर मिति २०७७।१०।०६ गते सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

(घ) साबिक सामाजिक परिचालकको रुपमा कम्तिमा २ वर्ष सम्म काम गरेको व्यक्तिको हकमा उमेर हद लाग्ने छैन।

(ङ) स्थानीय बासिन्दालाई प्राथमिकता दिइनेछ।

(२) दरखास्त बुझाउने स्थान : छिपहरमाई गाउँपालिकाको कार्यालय, भिस्वा, पर्सा , दरखास्त फाराम कार्यालय वा वेबसाइट www.chhipaharmaimun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

(३) दरखास्त दस्तुर बुझाउने स्थान : यस कार्यालयको एन.आई.सी. एसिया बैंक, भिस्वा शाखा, पर्सामा रहेको आन्तरिक राजश्व खाता नं. L6CA000187452406 मा रकम जम्मा गरिएको भौचर पेश गर्नु पर्नेछ।

(४) दरखास्त बुझाउने अन्तिम मिति : २०७७।१०।०७ गते सम्म।

(५) आवेदन दस्तुर : सुपरिवेक्षकको लागि ८००।- (आठ सय रुपैया) र गणकको लागि ५००।- (पाँच सय रुपैया) मात्र।

(६) सेवा तथा सुविधाहरु : गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका २०७५ मा तोकिए बमोजिम हुनेछ।

(७) करार अवधि : करार अवधि ५ (पाँच) महिना हुनेछ।

(८) छनौटको तरिका : संक्षिप्त सूची प्रकाशन (Short List) र अन्तरवार्ता।

(९) आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु : नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, सम्पूर्ण आवश्यक शैक्षिक योग्यताका प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, कम्प्युटर तालिम सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, कार्यानुभव भएमा सोको प्रमाणित प्रतिलिपि।

(१०) थप जानकारीको लागि : सूचना प्रविधि शाखा, छिपहरमाई गाउँपालिका, भिस्वा, पर्सा वा सम्पर्क नं. ९८५५००१११५

**प्रमुख प्रशासकीय अधिकृत**